# बलरा नगरपालिका

आ.व. २०७९/०८० को

## नीति तथा कार्यक्रम

बलरा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

बलरा, सर्लाही

मधेस प्रदेश, नेपाल

२०७९ साल असार १० गते शुक्रवार

# बलरा नगरपालिका
## आर्थिक बर्ष २०७९।०८० को नीति तथा कार्यक्रम

**नगरसभा सदस्य ज्यूहरु,**

सर्वप्रथम यस महत्वपूर्ण घडिमा देशको आमूल परिवर्तनका लागी विभिन्न कालखण्डमा भएका विभिन्न आन्दोलन, महान जनयुध्द, जन आन्दोलन, मधेस आन्दोलन लगायत आन्दोलनहरुमा सहादत प्राप्त गरेका महान शहिदहरु प्रति श्रध्दान्जली अर्पण गर्दछु । त्यसै गरी कोरोना माहामारिका कारण देश तथा विदेशमा ज्यान गुमाउनु हुने सम्पुर्ण नेपालीहरुमा पनि श्रध्दान्जली अर्पण गर्दै संक्रमित सबैमा स्वास्थ्य लाभको समेत कामना गर्दछु ।

समस्याबाट अत्तालिने र विचलित हुने न त हाम्रो परिचय हो, न त पहिचान नै । यो संकट र चुनौतिलाई सामना गर्दै नागरिकहरुलाई स्वरोजगारी र विभिन्न अवसरहरु सिर्जना मार्फत नगरपालिकामै टिकाउने, कृषि र पशुपालन अन्य व्यवसाय क्षेत्रमा विकास एंव विस्तार गर्ने र उधमशीलता विकास गरी समग्र नगरपालिकाको आर्थिक विकासमा उपयोग गर्ने अवसर र प्रयासबाट मात्रै सम्भव भएकाले यस विकासको अभियानमा हातेमालो गर्न सबैलाई आह्वान गर्दछु ।

साथै २०७९ बैशाख ३० गते सम्पन्न स्थानिय तहको दोस्रो निर्वाचनमा बलरा बासि आमा,बुवा, दाजुभाई तथा दिदी बहिनिले अत्याधिक मत दिएर विजयी बनाउनु भएकोमा हामी जनप्रतिनिधिहरुको तर्फबाट पुन:हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । हामीले जिम्मेवारी बहन गरेको करिब १ महिना भयो। यस अवधिमा बलरा बासि जनताको हितलाई ध्यानमा राखेर हामिले निरन्तर काम गर्दै आएका छौं र यो आ.व. २०७९।०८० हामी जनप्रतिनिधिहरुको पहिलो निति तथा कार्यक्रम हो ।

निर्वाचनको बेला घोषणापत्र मार्फत जनतालाई बचन दिए अनुसार हामिले यस बर्षको बजेटमा शिक्षा, स्वास्थ्य, विकास निर्माण, सर-सफाई, खेलकुद, सम्पदा संरक्षण लगाएतका क्षेत्रमा बजेट विनियोजन गरेका छौं । यो पहिलो बर्ष हामी जनप्रतिनिधिलाई विकास

निर्माणको आधारमा तयारी गर्नु पर्ने छ । यहि आधारमा टेकेर आगामि आर्थिक बर्षमा बलरा नगरपालिकाको विकास निर्माणमा जुट्ने हामि सबैको संकल्प छ ।

आ.ब. २०७९।०८० बलरा नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

नगरसभा सदस्य ज्यूहरु,

**शिक्षा :-**

(१) बलरा नगरपालिकाले नगरबासिहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न सामुदायिक विधालयहरुमा भौतिक सुधार गर्न अनुगमन गरी आर्थिक सहयोगको निति बनाई लागु गरिने छ ।

(२) विभिन्न आन्दोलनमा सहादत प्राप्त गरेका वीर शहिदहरुको छोराछोरीहरुलाई छात्रवृत्तीमा सहभागीता गराईने छ ।

(३) बलरा नगरपालिका भित्र रहेका विधालयमा अध्ययनरत विधार्थीलाई योग्य बनाउन शिक्षकहरुलाई नेपाली, विज्ञान, गणित, अंग्रेजी र सामाजिक विषयमा बिशेष तालिमको बन्दोबस्त गरिने छ ।

(४) उच्च शिक्षा अध्ययन गर्न दलित छात्राहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ।

(५) दलित, अति विपन्न, जेहेन्दार छात्र छात्राहरुलाई एम.बी.बी.एस. अध्ययनका लागि विशेष छात्रवृतिको व्यवस्था गरिनेछ ।

(६) **"एक वडा एक माध्यमिक विधालय"** पाँच वर्षभित्रमा निर्माण गरि सञ्चालन गरिनेछ ।

(७) नगरभित्र रहेका विधालयहरुमा विधार्थीको संख्या बढी भएकोले पठनपाठन कठिनाई भएको हुनाले नगर शिक्षक पदपूर्ति गरिनेछ ।

(८) बलरा नगरपालिकामा आधुनिक र स्तरिय पुस्तकालय स्थापना गरि पाठकहरुको माग र आवश्यकता अनुसार पुस्तकहरु थपिदै लगिने छ ।

(९) इतिहास, भुगोल, राजनितिशास्त्र,भाषा र संस्कृत अध्ययन गर्ने तर्फ विधार्थीहरुलाई घट्दै गएको हुदा ति विषय लिई स्नातक वा स्नातकोत्तर अध्ययन गर्ने विधार्थीहरुलाई निश्चित रकम तोकि छात्रवृतिको व्यवस्था गरिने छ । साथै उच्च शिक्षा हासिल गर्न चाहने योग्य र आर्थिक स्थिति कमजोर भएका विधार्थीलाई शैक्षिक प्रमाण-पत्र धितो लिई सहुलियत ब्याजदरमा ऋण दिने

व्यवस्था मिलाईने छ। यसले न्युन आय भएका विधार्थीहरुले उच्च शिक्षा हासिल गर्ने अवसरबाट बंचित हुनु पर्ने छैन ।

(१०) विधालयमा कम्प्युटर शिक्षकलाई IEMIS सम्बन्धी तालिम प्रदान गरि विधालयको अभिलेख अध्यावधीक गरिने छ ।

(११) महिनावारी उमेरका सम्पुर्ण छात्राहरुलाई नि:शुल्क सेनिटेरी प्याड उपलब्ध गराईने छ तथा आइरन चक्कि र फोलिक एसिड वितरण गरिने छ ।

(१२) बालविकास कक्षा देखी ६ कक्षा सम्म सम्पुर्ण बालबालिकाहरुलाई विधालयमै दिवा खाजा खुवाउने व्यवस्था मिलाईने छ ।

(१३) बालविकास कैंद्र भएका शिक्षिकाहरुलाई ७ दिने आधारभूत तालिम प्रदान गरिने छ ।

(१४) सम्पुर्ण शिक्षकहरुलाई शिक्षक डायरी उपलब्ध गराईने छ ।

(१५) विधालयहरुबाट ५० जना विधार्थी र शिक्षकहरुको समुहमा अध्ययन अवलोकन भ्रमण लगिने छ । अध्ययन भ्रमणको अनुभवलाई आ-आफ्नो अनुकुलतामा लागु गर्न निर्देशन दिइने छ।

(१६) सबै आधारभूत विधालय र माध्यमिक विधालयहरुमा नेट जडान गर्न प्रोत्साहन गरिने छ ।

(१७) बलरा नगरपालिका क्षेत्र भित्र FREE WIFI ZONE सहितको अस्थायी सिकाई केन्द्र स्थापना गरिने छ ।

(१८) विधालयको शैक्षिक गुणस्तर अभिबृधि गर्न विधालयका प्रधानाध्यापकसंग कार्य सम्पादन सम्झौत्ता गरिनेछ र प्रधानाध्यापकबाट शिक्षकको कार्य सम्पादन सम्झौता गरि सम्झौतामा उल्लेखित भएका काम गर्ने उत्कृष्ट एक विधालय, एक प्रधानाध्यापक र तीन जना शिक्षकलाई पुरस्कृत गरिने छ ।

(१९) पढ्दै कमाउदै सिप मूलक शिक्षामा जोड दिइने छ ।

(२०) नगरभित्रका विधालयहरुमा आधुनिक शिक्षा प्रणाली अंग्रेजी माध्यमबाट शिक्षा प्रदान गर्न व्यवस्था मिलाईनेछ ।

(२१) विगत वर्षदेखि संघिय सरकार बाट आर्थिक वर्ष २०७८।०७९ को बजेट वक्तव्यमा संघिय सरकारले रु ८००० (आठ हजार मात्र) मासिक तलब दिनुपर्ने कानुनी प्रावधान रहेतापनि यस विषयमा श्रोतको अभावले गर्दा हालसम्म उक्त रकम बालविकास केन्द्रका सहयोगी, विधालय प्रशासन सहायकहरुले प्राप्त नगरेको हुँदा यस आ.व.

२०७९-०८० मा स्थानीय सरकारले नगर परिषदबाट शैक्षिक नीति ल्याई बोर्डको निर्णयानुसार केही थप मासिक रकम व्यवस्था गरिनेछ ।

**<u>सुचना प्रविधी</u> :-**

(१) यस नगरपालिकाको सूचनाहरु डिजिटल रुपमा अभिलेख राख्ने ।

(२) नगरपालिकाको वेवसाईट, ईमेल र फेसबुक नियमित रुपमा रुजु र अपडेट गरिने छ ।

(३) स्थानित तहको संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधी अनुसार ४ दिने कार्यशाला गोष्ठि आयोजना गरि LISA सफ्टवेयरमा सबै कागजपत्र प्रविष्टि गर्ने काम गरिने छ ।

**<u>घटना दर्ता, पन्जिकरण तथा सामाजिक सुरक्षा</u>**

(१) प्रत्येक वडामा बैंकको कर्मचारीद्वारा सामाजिक सुरक्षा भत्ता र बालपोषण भत्ता वितरण गरिने व्यवस्था मिलाईनेछ ।

(२) राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण विभागको आयोजना र बलरा नगरपालिकाको समन्वय र सहजिकरणमा सबै नागरबासी को विवरण राष्ट्रिय परिचयपत्र प्रणालीमा प्रविष्टि गर्ने काम गरिनेछ ।

(३) घटना दर्ता तथा सामाजिक सुरक्षाको डिजिटाईजेशन गर्ने कार्य गरिने छ ।

(४) सबै वडामा दर्ता शिवीर संचालन गरिने छ र घटना दर्ता सम्बन्धि अभीमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

(५) सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने व्यवस्थालाई UPDATE गरि राखिने छ ।

(६) ८४ बर्ष पुगेका जेष्ठ नागरिकलाई निजहरुको घरमै पुगि निरोगिता र दिर्घायुको कामना गर्दै सम्मान गर्ने, स्वास्थ्य परिक्षण गर्ने र उपचार गर्ने कार्यको थालनि गरिने छ ।

<u>संस्कृति</u> :-

(१) सांस्कृतिक सम्पदाको संरक्षणलाई पर्यटन विकाससंग जोड्ने निति लिइने छ ।

(२) धार्मिक स्थलम पर्यटन, मठ मन्दिर, मस्जित, बलरा बाबा इदगाहको संरक्षणमा जोड दिदै सामाजिक एकता, सदभाव र सहिसणुता सहितको संन्तुलित नगर निर्माणमा जोड दिइने छ ।

<u>स्वास्थ्य</u> :-

(१) पूर्वाधार भएको ठाँउमा बर्थिङ्ग सेन्टर सूचारु गरिनेछ ।

(२) बलरा नगरपालिकाले आफ्नो ७ वटा स्वास्थ्य केन्द्र, १ वटा प्राथमिक स्वास्थय केन्द्र र ३ वटा आधारभूत स्वास्थ्य केन्द्रहरु मार्फत विरामिहरुको उपचार गर्दै आएकोमा त्यसलाई अझ प्रभावकारी बनाउन वडा वडामा स्वास्थ्य सिविरहरु संचालन गरिने छ ।

(३) बलरा नगरपालिकामा अवस्थित प्राथमिक स्वास्थ्य केन्द्र बलरा न.पा. ९ लाई नगर अस्पतालमा परिणत गरी सबै किसिमको स्वास्थ्य सेवा प्रदान गर्ने केन्द्रको रुपमा स्थापित गरिनेछ ।

(४) प्रत्येक वर्ष प्रत्येक विधार्थीको स्वास्थय परीक्षण गर्ने जुकाको औषधि खुवाउने व्यवस्था मिलाईने छ ।

(५) नगरवासीहरुको आकस्मिक सेवाको लागि एम्बुलेन्स खरिद गरि संचालनमा ल्याइनेछ ।

(६) नगर बासीकोहरुको स्वास्थ्य सेवालाई ध्यानमा राखेर नया पुस्तालाई आयुर्वेदिक स्वास्थ्य उपचारबारे जानकारी दिन विधालयहरुमा समेत प्रशिक्षणको व्यवस्था मिलाईने छ ।

(७) क्यान्सर, मृगौला प्रत्यारोपण, मुटुको शल्यकृया जस्ता कडा रोग लागेका नगरबासीलाई नगरपालिकाको तर्फबाट प्रति व्यक्ति रु १०,०००( दस हजार मात्र) का दरले उपचार रकम प्रदान गरिने छ ।

(८) नगरपालिकालाई चाहिने औषधी टेन्डर प्रक्रियाको माध्यमबाट खरिद गरि औषधि उपलब्ध गराईनेछ ।

(९) ११ वटै वडामा कार्यरत महिला स्वास्थ्य स्वयम् सेविकालाई प्रोत्साहन सो रुप दोसल्ला ओढाई तथा मायाको चिनो प्रदान गरी सम्मान गरिने छ ।

(१०) बलरा नगरपालिकामा रहेका दिर्घरोगीहरुलाई घरदैललोमा स्वास्थ्य सेवा प्रदान गरिने छ ।

(११) साथै कडा रोक लागेका विपन्न नागरिकलाई औषघी उपचारमा सहायताको लागि अस्पतालहरुमा सिफारिस गरिने छ ।

(१२) स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रलाई प्रभावकारी रुपमा संचालन गर्न उपकरण र औषधी र स्वास्थ्य कर्मीको क्षमता वृध्दि गर्न प्रोत्साहन गरिने छ ।

(१३) नि:शूल्क स्वास्थ्य परीक्षण घरघरमैगई विशेष गरी ८५ वर्ष भन्दा माथिका नगरका नागरिकहरुलाई वार्षिक तिन(३) पटक नि:शूल्क घरदैलोमा चेक जाच गरि एक पटकम रु ५०० (पाँच सय) को पोषण खर्च दिईनेछ र यसको लागि रु ५००,०००( पाँच लाख रुपैया) विनियोजन गरिने छ ।

(१४) "एक घर एक हैण्डपाईप" कार्यक्रम अन्तर्गत मांग र श्रोतको उपलब्धतालाई ध्यान दिंदै खानेपानीको पहुँच विस्तार गरिनेछ ।

**<u>पुर्वाधार विकास निर्माण</u> :-**

(१) नगरको सुन्दरता बढाउनको लागि विशेष सरसफाईमा सुधार गरिनेछ ।

(२) संचारको आधुनिक सुविधाबाट जनताले फाइदा लिन सकुन भन्ने उदेश्यले बलरा नगरपालिकाका महत्वपुर्ण क्षेत्रहरुमा FREE WIFI सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

(३) नगरभित्र एउटा एकिकृत दलित बस्ती निर्माण गरिनेछ ।

(४) विधुत प्राधिकरण, दुर संचार र केबल नेटवर्कले जथाभावि तार र लठ्ठाहरुको कारण नगरको सुन्दरतामा कमि आएको छ। दृष्य प्रदुषणलाई कम गरि सुन्दर नगर बनाउन नगरको जताततै छरपष्ट रुपमा तार र पोलहरुलाई भुमिगत गर्न सम्बन्धित निकायसंग समन्वय गरि सो कार्यलाई अगाडि बढाइने छ ।

(५) नगर क्षेत्रभित्रमा वृध्दा आश्रम भवन निर्माण गरिनेछ ।

(६) बलरा नगरपालिकाको नया बनेको प्रशासनिक भवनमा आधुनिक सभाहलको आवश्यकता महसुस गरि निर्माण कार्य अगाडि बढाइने छ ।

(७) नगर क्षेत्रभित्र एउटा खेलकुद मैदान/कभर्ड हल समेत निर्माण गरिनेछ ।

(८) बलरा नगरपालिकाको कार्यालय भवन तथा वडा कार्यालयहरुको भवन निर्माण गर्ने प्राथमिकता दिइनेछ ।

(९) नगरभित्र रहेका पराल वा खरको छाना भएका घरहरुलाई जस्तापाता वा पक्की घर निर्माण गर्न पहल गरिने छ ।

(१०) प्रत्येक वडामा ओभरहेड ट्याङ्की निर्माण गर्न पहल गरिने छ ।

(११) नगरका विकास कार्यहरुलाई योजनाबध्द रुपमा लैजान आवधिक नगर विकास योजना, नगर यातायात गुरुयोजना र नगर पाश्र्व चित्र तयार गरिनेछ।

(१२) नगर क्षेत्रभित्र मुख्य मुख्य सडक कालोपत्रे नाला, फुटपाथ निर्माण कार्य गर्दै लगिनेछ र टोलटोलमा रहेका सडकहरु ढलान तथा माटो/ग्रेभल गरिनेछ । र विभिन्न सडकहरु मरम्मत गरि ग्रेभेल गरिनेछ ।

(१३) नगरपालिका भित्र रहेका विधालयहरुमा २ कोठे/ ४ कोठे भवन निर्माण गरिनेछ साथै विधालयहरुमा रहेका भवनहरु मरम्मत/कम्पाउण्ड वाल/शौचालय/खानेपानी निर्माण गरिनेछ ।

(१४) नगरपालिकाभित्र रहेका विभिन्न सडकहरुमा आवश्यकता अनुसार ठाउँ ठाउँमा पुल/कलभर्ट निर्माण गरिनेछ ।

**<u>खेलकुद</u> :-**

(१) खेलकुद विकासको निम्ति बलरा नगरपालिकाले भलिबल, फुटबल, क्रिकेट लगायत अन्य खेलकुद प्रशिक्षणहरुलाई पुर्णकालिन बनाई नगरपालिकाले विधालयहरुमा प्रशिक्षकको व्यवस्था मिलाइनेछ ।

(२) विभिन्न उमेर समुहका नगरबासिलाइ स्वस्थ राख्न नगरका विभीन्न स्थानहरुमा शारीरिक व्यायम स्थलको व्यवस्था गरिने छ ।

(३) बलरा नगरपालिकाका नगर स्तरिय खेलाडीहरुलाई प्रोत्साहन गर्न बलरा नगरपालिका भित्रका खेलाडीहरु विच मेयर कप र उप-मेयर कप क्रिकेट टुर्नामेन्ट आयोजना गरिने छ ।

**<u>बजार अनुगमन</u> :-**

(१) विभिन्न ठाउँमा सञ्चालित रक्सी पसललाई कानुनको दायरामा ल्याउन पहल गरिनेछ ।

(२) बजारमा बेचिएका उपभोग्य वस्तुहरुबाट उप-भोक्ताहरु ठगिन नपाउन भन्ने उदेश्यले नगरपालिकाले अनुगमन टोलि गठन गरि बजार अनुगमनलाई

निरन्तरता दिइने छ । उपभोक्ताको स्वास्थ्यमा असर पर्ने गरि खानेपानी, पसल, मिठाई पसल, अन्य वस्तु बेच्ने पसलहरुले मिसावट भएको, म्याद कटेको, मुल्य सुचि उल्लेख नभएको जस्ता वस्तुहरु वेचविखन गरेको पाईएमा त्यस्ता व्यापारीहरुलाई कानुन बमोजिम दण्ड सजायको निति ल्याइनेछ ।

(३) नगर भित्र संचालित घरेलु तथा साना उधोगहरुलाइ नगरपालिकामा दर्ताको लागि वातावरण तयार गरि ती उधोगहरुलाइ कर तिर्ने वातावरण मिलाइने छ । त्यसका लागि सम्बन्धित करदाताहरुसंग आवश्यक समन्वय गरिनेछ । आधुनिक प्रविधीको प्रयोग गरी विभिन्न उधोगहरुबाट उत्पादित प्रदुषणलाई कम गर्न सम्बन्धित पक्षसंग सहकार्य गरि अधि बढ्ने निति ल्याईनेछ ।

**कृषि तथा सिंचाई :-**

(१) नगरपालिका भित्रका खेती योग्य जमिन तथा बाँझो जमिनमा आवश्यक सिंचाईको व्यवस्था गरि कृषि उत्पादन बढाईनेछ । पशुपालन तथा कृषि कार्यक्रमका लागि दीर्घकालीन योजना तयारी गरि कृषि सडक तथा स्थानीय स्तरका सिंचाई प्रणालीको निर्माण गरिनेछ ।

(२) कृषकहरुलाइ समयमा मल बिउ र रैथाने बिउको संरक्षण गरि उन्नत जातको उब्जनीलाई विकास गर्ने कार्यलाई जोड दिइनेछ ।

(३) कृषियोग्य भुमि कम हुदै गइरहेको हुदा कम जग्गामा बढी उत्पादनको लागि कृषकहरुलाई विभीन्न तालिमहरुको व्यवस्था मिलाईने छ ।

(४) किसानहरुको हितको लागि विउ वितरण, माटो परीक्षण प्रशिक्षण, कम्पोष्टमल उत्पादन र वितरण व्यवस्था मिलाईने छ ।

(५) किसानहरुबाट उत्पादित मौसम अनुसार तरकारी व्यवस्थित गर्ने उपयुक्त निति निर्माण गरिने छ । उपभोक्ता र उत्पादक किसान दुबैको लागि फाइदा हुने भएकाले यो बर्ष उपयुक्त ठाउमा तरकारि बजारको व्यवस्था गरिने छ। खाद्यान्न, तरकारी र फलफुल भण्डारण गरि किसानहरुलाई सुविधा दिइने छ ।

(६) नगरभित्र रहेका वडा नं. १० सुदामा मा अवस्थित सुदामा सिंचाई (बैरेज) लाई व्यवस्थित बनाई कृषकहरुको खेत खेतमा सिंचाईको व्यवस्था गरिनेछ।

(७) कृषि विधुतीयकरण गरि कृषि मिटर लिने कृषकहरुलाई ५०% सहुलियत अनुदान दिइनेछ साथै विधुतीयकरण बन्चित खेतीयोग्य ठाउँमा सोलार जडान गरिनेछ ।

(८) कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण र उत्पादन मूलक बनाउन विपन्न समुहको साना कृषक समुह गठन गरी जग्गाको चकलाबन्दी गरी सामूहिक खेती प्रणालीलाई नमूना वा परीक्षणको रुपमा कृषिलाई उत्पादनसंग जोड्ने निती ल्याइनेछ ।

(९) कृषि बजारमा कोल्ड स्टोर निर्माण गरि खरिद बिक्री तथा आयात निर्यात लाइ पराथमिकता दिइनेछ

(१०) कृषकहरुलाई वर्षको एक पटक कृषि विकास बारेमा अध्ययन अवलोकन भ्रमण गराईने छ ।साथै नगरपालिका पदाधिकारि र सदसयहरुलाइ अवलेकन गराइनेछ ।

(११) नगरवासी दाजुभाइ तथा दिदिबहिनिहरुमा नागरिक भावनाको विकास गर्न विभिन्न कार्यहरु अगाडि बढाउनुका साथै सबै बडाहरुमा घर घरबाटै कुहिने र नाश नहुने फोहोर अलग संकलन गरि कम्पोष्ट मल बनाइ र वेच्ने गरि फोहोरलाई आम्दानिको बाटो बनाउने परयास गरिने छ ।

(१२) विष रहित अन्न उब्जनीमा जोड दिन कार्यको लागि कृषकहरुलाई तालिम दिईने छ ।

**<u>सेवा प्रवाह तथा सुशासन</u> :-**

(१) बलरा नगरपालिकालाई सुरक्षित बनाउन बलरा नगरपालिका भित्र संचालित विभिन्न संघ, संस्था, बैंकहरु, नागरिकसंग सहकार्य गरी आवश्यक पर्ने ठाउमा CCTV क्यामरा जडान गर्ने व्यवस्था मिलाइने छ ।

(२) नागरिकले सार्वजनिक सेवा प्राप्त गर्ने क्रममा नागरिकलाई सुचना दिने र सो सेवालाई प्रभावकारी रुपले संचालन गर्न विभिन्न संयन्त्रहरु अवलम्व गरी भ्रष्टाचारमा शुन्य सहनशिलताको निती ल्याई सार्वजनिक सेवालाई गुणस्तरीय, पारदर्शी, जवाफदेही र उत्तरदायित्व बनाउने निती ल्याईनेछ ।

(३) सहकारी संस्थाहरुलाई व्यवस्थित गर्ने अनुगमन तथा नियमनको व्यवस्था मिलाइने छ ।

(४) व्यवस्थित शहर निर्माणको लागि भवन मापदण्डलाइ कडाइका साथ लागु गरिने छ । आवश्यकता अनुसार भवन निर्माण परिमार्जन गरिने छ । सार्वजनिक जग्गा, पोखरी, सम्पदा, नदि किनाराको संरक्षण गरिने छ ।



बलरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलरा, सर्लाही प्रदेश नं.२, नेपाल

(५) जनसंख्या बृध्दिलाई ध्यानमा राखी व्यवस्थित आवास योजनाको व्यवस्था गरिनेछ ।

(६) बलरा नगरपालिकाले आ.व. २०७९।८० देखी साप्ताहिक रुपमा एफ.एम रेडियोमा (बलराको आवाज) कार्यक्रम मार्फत नगरपालिकाको गतिविधि जनता बिच सार्वजनिक गर्नुका साथै गुनासोहरुको जवाफ समेत दिने व्यवस्था मिलाइने छ ।

(७) नगरपालिकामा हुने हरेक काम चुस्त दुरुस्त बनाउन प्रशासनिक सुधार गरिने छ ।

(८) कर्मचारीहरुको मनोबल बढाउन निश्चित समय काम गरिसकेका योग्य र इमान्दार कर्मचारीहरुलाइ प्रकृया मिलाई वढुवा गर्ने र आवश्यक सुविधाको व्यवस्था गरिने छ ।

**<u>कार्यालय सञ्चालन तथा प्रशासकिय</u>:**

(१) कर्मचारीहरुको बृध्दी विकास निम्ति समय समयमा आवश्यक तालिमहरुको व्यवस्था गरिनेछ । कर्मचारीहरुको कार्यका मूल्याङ्कन गरि उत्कृष्ट कर्मचारिलाइ पुरुस्कारको व्यवस्था गरिने छ र काम नगर्ने कर्मचारीहरुलाई सजायके भागिदार बनाइनेछ ।

(२) बलरा नगरपालिका मा विभीन्न क्षेत्रमा क्रियासिल गैर सरकारी संस्था र अन्तर्राष्टिय गैर सरकारी संस्थाहरुलाई पारदर्शि बनाउन निति ल्याईनेछ । नगर भित्र काम गर्न चाहने कुनै पनि गैर सरकारी संस्थाले आ-आफ्नो वार्षिक बजेट र कार्यक्रम प्रस्तुत गरी नगरपालिकाको स्वीकृति लिन अनिवार्य गरिने छ र स्वीकृतिविना काम गरेको पाईएमा कानुन बमोजिम कडा सजाय गर्ने निति आवश्यक प्रक्रिया पूरागरी कानूनी दायरामा ल्याइने छ ।

**<u>पर्यटन</u> :**

(१) बलरा नगरपालिकाको कला-संस्कृतिको संरक्षण गर्दै पर्यटकिय गन्तब्य स्थलको रुपमा विकास गर्दै लगिने छ। यस बर्ष बलरा घुम्न आउने पर्यटकहरुको संख्यामा उल्लेख्य बृध्दि गर्न पर्यटन केन्द्रित गतिविधीहरुलाई जोड दिइने छ ।

(२) नगरभित्र रहेका मठ मन्दिरलाई सुचीकृत गरी त्यस ठाउँलाई पर्यटक स्थल बनाईनेछ ।

**वन तथा वातावरण :**

(१) नगर क्षेत्रमा वातावरणीय सुधार र सफाइमा निरन्तरता दिइनेछ । नगर क्षेत्रभित्रका सडक पेटि र खुल्ला स्थानमा वृक्षारोपण गरी हरियालि व्यवस्थापन समेत गरिनेछ। त्यसका लागि आवश्यक बजेट व्यवस्था गरिने छ ।

(२) नगर क्षेत्रभित्र हरितपार्क निर्माण गरिनेछ ।

**युवा, महिला तथा बालबालिका हरुलाई लक्षित कार्यक्रम :-**

(१) विदेशी भाषा, काठ र माटोको कला, सिलाई, बुनाइ, खाध परिकार, कपाल कटाइ, सिकर्मि, आदि लगाएतका रोजगारिमुलक तालिमहरु संचालन गरिने छन । साउण्ड सिस्टम, कम्प्युटर, मोवाइल, टिभि आदि मर्मतको तालिम तथा काठका स-सना उपहारका सामानहरु निर्माणको तालिम दिइने छ । यसले युवा तथा महिलाहरु लाभानवीत हुनेछ ।

(२) सबै ११ वटा वडामा लैगिक हिसा सम्बन्धी सचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

(३) बाल दिवसको अवसरमा बालबालिका क्षमता विकास गर्न बिभिनन प्रतियोगिता संचालन गरिने छ ।

(४) महिला, बालबालिका तथा फरक क्षमता भएकाहरुसंग चेतनामुलक प्रचारप्रसार तथा सामाग्री उत्पादन, प्रकाशन, प्रशारण र वितरण गरिनेछ । संचार माध्यम सितको सहकार्यमा लैंगिक क्षमता सम्बन्धि जनचेतना अभिवृध्दी गर्न पोष्टर, होडिङ्ग बोर्ड राख्ने जस्ता कार्य गरिनेछ । महिला माथी हुने **हिंसा न्यूनीकरणका लागि अभियान सञ्चालन** गरिनेछ । किशोरीको बहुआयामिक विकास, लैंगिकतामा आधारित हिंसा, प्रजनन स्वास्थ्य र बाल अधिकार प्रवर्द्धन अन्तर्गत तालिमको व्यवस्था गरिनेछ।

(५) नगरभित्र **बढीमा २ सन्तान (छोरी मात्र) जन्माई बन्ध्याकरण गर्ने** - दम्पतिलाई पुरस्कार तथा दोसल्ला ओढाई सम्मान प्रदान गरिनेछ ।

(६) पूर्ण अपाङ्ग तथा पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ । पूव अपाङ्गता भएका व्यक्तिहरुलाई व्हील चेयर प्रदान गरिनेछ ।

(७) गरिब तथा विपन्न, दलित, आदिवासी जनजाति, एकल तथा अपांगता भएका महिला, वञ्चितमा परेका सबै समुदायका महिलाहरुको आयआर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने गरि आर्थिक सामाजिक विकासका कार्य संचालन गरिने छ ।

(८) महिलालाई व्यवसाय संचालन तथा आयमुलक कार्य गरि स्वरोजगार तथा उधमशीलता विकास गर्न सहुलियत पुर्ण ऋण तथा अनुदान विशेष कार्य संचालन गरिने छ ।

(९) बालविवाहलाई निरुत्साहित बनाउन चेतनामुलक, निरोधात्मक दण्डनीय निति अवलम्बन गरिने छ ।

**प्रधानमन्त्री रोजगारं कार्यक्रम** :-

(१) प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत नगरबासीलाई रोजगारिको अवसर दिइनेछ र बेरोजगार व्यतिलाइ रोजगार प्रणालिमा सुचिकृत गरिने छ ।

(२) प्रधानमन्त्री स्वरोजगार वर्ष भरीमा १०० दिनको पनि रोजगार नपाएका नागरिकहरुलाई नगरपालिकाबाट सुचना प्रकाशित गरी रोजगार केन्द्रमा आवध्दता भई विकास आयोजनासंग सम्बन्धित श्रम गरेवापत १०० दिन बराबरको पारिश्रमिक श्रमिकको बैक खातामा उपलब्ध गरिने छ ।

**विपद व्यवस्थापन** :

नगर क्षेत्रभित्र देखिने विपद पूर्व तयारी गरी बिपदलाइ न्यूनीकरण समबनधी रणनीति तय गरिनेछ ।

**न्यायीक समिति** :-

(१) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन अनुसार नगरपालिकालाई प्रदत काम, कर्तव्य र अधिकारको सु-व्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ । बाँकी रहेका कानुनहरुको निर्माण कार्य यसै आर्थिक वर्षको ६ महिनाभित्र सम्पन्न गरि

कार्यान्वयनमा ल्याईनेछ । न्यायीक समितिको कामलाई वस्तुपरक बनाउन संस्थागत विकास गरिनेछ ।

(२) विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धि विधमान प्रक्रियालाई थप स्पष्टता साथ अगाडी बढाईनेछ । नयाँ कानुन कार्यविधि मापदण्डको अध्ययन अनुसन्धान एवं मस्यौदा तयार पारिनेछ । **स्थानीय न्याय सम्पादन प्रक्रियालाई छिटो छरितो** र थप व्यवस्थित गरिनेछ ।

(३) नगरपालिकाको कानुनी सल्लाहकार नियुक्त गरी कानुनको निर्माणमा जोड दिईनेछ ।

(४) न्यायीक समितिलाई झन प्रभावकारी बनाउन सामुदायिक मेलमिलाप केन्द्र सञ्चालन र विभिन्न पूर्व न्यायधिस र वहालवाला न्यायधिसहरु मार्फत तालिम सञ्चालन गरिनेछ ।

(५) बलरा नपाका सबै कायालयहरुमा नागरिक वडापत्र राखिनेछ ।

(६) शहिद परिवारलाइ सममान गरिनेछ ।

(७) सडक अतिकरमणलाइ हटाइनेछ ।

**अन्त्यमा,**

बलरा नगरपालिकाको आन्तरिक आय, संघिय र प्रदेश सरकारबाट प्राप्त हुने शसर्त र निशर्त अनुदान सहयोग समेतको आधारमा आ.व. २०७९।८० को बजेट तयारी गरी विकास निर्माणको कामलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु ।

गुणस्तरिय आर्थिक, सामाजिक, पूर्वाधार विकासको माधयमबाट समृध्द बलरा निर्माण गर्ने नगरपालिकाको लक्ष्यलाई निति तथा कार्यक्रम मार्फत समेट्ने प्रयास गरिएको छ । प्रस्तुत निति तथा कार्यक्रमलाई बजेट तर्जुमाका आधार मानि सोहि अनुरुप बजेट विनियोजन गर्ने यथासम्भव प्रयास गरिने छ । समृध्द बलरा निर्माण गर्ने हाम्रो अभीयानमा प्रस्तुत निति तथा कार्यक्रमहरु महत्वपुर्ण मार्गदर्शक सिध्दान्तका रुपमा रहनेछन् भन्ने विश्वास लिएका छौं ।

प्रस्तावित निति तथा कार्यक्रमहरु तय गर्दा संघिय सरकार, प्रदेश सरकारको निति, बलरा नगरपालिकाको अहिलेको अवस्था र आवश्यकता, पालिकाभित्रका विभीन्न राजनितिक दलका प्रतिनिधीहरु, विभिन्न सामाजिक संघसस्था, नागरिक समाज लगायत आम

जनसमुदायबाट उपलब्ध अमुल्य सुझाव सल्लाहहरुलाई यथासम्भव समेट्ने प्रयास गरिएको छ । संमृध्द बलरा निर्माण गर्ने अभीयानमा अमुल्य सुझाव सल्लाह प्रदान गर्नुहुने, राजनितिक दलका प्रतिनिधिहरु, सामाजिक अगुवाहरु, नागरिक समाज लगाएत सम्पुर्ण बलरा बासिलाई विशेष धन्यवाद एंव आभार प्रकट गर्दै नगरपालिकाको वृहत हितका लागि यहाहरुको साथ, सहयोग र सहकार्य निरन्तर रहि रहने अपेक्षा समेत गर्दछु ।

**सभाका सदस्यज्यूहरु,**

अब म आ.व. २०७९ । ८० को अनुमानित आय तथा ब्ययको बिबरण प्रस्तुत गर्न चाहन्छु

आ.व.२०७९ । ०८०को लागि अनुमानित आय अन्तर्गत संघीय सरकारबाट बित्तिय समानीकरण अनुदान अन्तर्गत १४ करोड ८९ लाख, ससर्त अनुदान अन्तर्गत २१ करोड ८० लाख तथा राजस्व बाँडफाडबाट प्राप्त हुने रकम १० करोड ५२ लाख ३९ हजार, संघीय सरकारको सम्पुरक अनुदान १ करोड , संघीय सरकारको विशेष अनुदान रु. ३ करोड १० लाखगरी कुल संघीय सरकारबाट बाट प्राप्त हुने रकम ५१ करोड ३१ लाख ३९ हजार अनुमान गरिएकोछ । यसरी नै प्रदेश सरकारबाट प्राप्त हुने आयमा बितिय समानीकरण शिर्षकमा १ करोड ७ लाख ४३ हजार, विशेष अनुदान अन्तर्गत ३० लाख तथा सम्पुरक अनुदान अन्तर्गत २० लाख गरी जम्मा रु १ करोड ५७ लाख ४३ हजार प्रदेश सरकारबाट अनुदान प्राप्त हुने अनुमान गरिएकोछ । यसरी आन्तरिक श्रोतबाट समेत १० लाख उपलब्ध हुने अनुमान गरिएकोछ । मालपोत जग्गा रजिष्टरेसन बापत उठेको कर ५० लाख प्राप्त हुने अनुमान छ । आ.व.२०७८ । ०७९ बाट खर्च हुन नसकेका बांकी रकम रु. २ करोड समेत गरी संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने कुल आयमा ५५ करोड ४८ लाख ८२ हजार रुपैयाको बिनियोजित बजेट पेश गरेकोछु । संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने ससर्त अनुदानको कार्यक्रम निर्धारित कार्यक्रम एवं बजेट बमोजिम र बांकी बजेटको बिनियोजन यस नगरसभामा प्रस्तुत गरिए बमोजिम हुने भनि बजेट बिनियोजन गरिएको ब्योहोरा अनुरोध गर्न चाहन्छु । बिनियोजित बजेटको शिर्षक तथा रकमको बिबरण यसै साथ संलग्न गरिएकोछ । साथै बिभिन्न शिर्षकको कर तथा शुल्कको निर्धारण गरिएकोछ जुन यस नीति, कार्यक्रम तथा बजेटको एक भागको रुपमा रहेकोछ ।

यस बलरा नगरवासीका आवश्यकता र चाहनालाई पुरा गर्नका लागि सबै वडा कार्यालयहरुबाट पेश भएका बढी भन्दा बढी योजनाहरुलाई सके सम्म बजेटमा समावेश गर्न प्रयास गरेकोछु, साथै समेटन नसकिएका योजनाहरुलाई योजना बैंकको रुपमा राखि त्यस्ता योजनाहरुको

सञ्चालनका लागि लाग्ने आवश्यक बजेटको व्यवस्थाको लागि प्रदेश सरकार र संघीय सरकारमा माग गरिनेछ ।

बजेट निर्माणको केन्द्र वडालाई मानिएको छ । सोही अनुसार प्रत्येक वडा समितिबाट प्राथमिकताका आधारमा निर्विकल्प रुपमा छनौट भई आएका योजनाहरु समावेस गरिएको छ ।

आगामी आर्थिक वर्षका लागि वितिय परिचालन र खर्च अनुमान गर्दा वित सन्तुलन कायम गर्ने उद्देश्य लिई सो अनुरुप कार्यक्रमहरु तर्जुमा गरी वडा तथा, नगरपालिका स्तरमा यसै साथ संलग्न कार्यक्रम र सो को लागी बिनियोजित बजेट सहितको अनुसूचीहरु बमोजिम विभिन्न शिर्षक र क्षेत्र अनुसार रकम विनियोजन गरेको छु

अन्त्यमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न आफ्नो अमुल्य सुझाव एवं सहयोग पुऱ्याउनु हुने सबै समिति तथा नगरसभा सदस्यहरु, बिभिन्न राजनीतिक दलका नेता एवं प्रतिनिधिज्यूहरु, विषयगत समितिहरु, विषयगत कार्यालय, पत्रकार ज्यूहरु, सुरक्षा निकाय एवं सरकारी कार्यालयहरु, गैर सरकारी संघ संस्थाहरु, उद्योगी व्यवसायीहरु, आम नगरबासी र नगरसभा तयारीको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएका नगरपालिकाका सवै कर्मचारीहरु प्रति आभार प्रकट गर्दै कार्यान्वयनमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद

अजाद सिंह

कौशिला

पमिला

## बलरा नगरपालिका कार्यालय

आ.व.२०७९।८० को अनुमानित आय एवं [illegible] को आधारमा खर्चको सिलिङ विनियोजन

श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति द्वारा तयार गरी बजेट तथा कार्यक्रम तर्जुमा समिति द्वारा समेत अनुमोदित

विनियोजन खर्च अनुमान तथा श्रोतको व्यय अनुमान समेत

| सि.न. | कार्यक्रम लागुहुने | समानीकरण | | सशर्त अनुदान | | विशेष अनुदान | | सम्पूरक अनुदान | | आन्तरिक आम्दनी | राजस्व बाँडफाँड | | [illegible] | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संघीय सरकार | प्रदेश सरकार | संघीय सरकार | प्रदेश सरकार | संघीय सरकार | प्रदेश सरकार | संघीय सरकार | प्रदेश सरकार | | संघीय सरकार | गतवर्षको बचत | | |
| १ | नगर स्तरिय | 55400000 | 10743000 | 218000000 | 0 | 31000000 | 3000000 | 10000000 | 2000000 | 1000000 | 105239000 | 20000000 | 5000000 | 46[illegible]82000 |
| २ | वडा नं. १ | 8500000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | 8500000 |
| ३ | वडा नं. २ | 8500000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | 8500000 |
| ४ | वडा नं. ३ | 8500000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | 8500000 |
| ५ | वडा नं. ४ | 8500000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | 8500000 |
| ६ | वडा नं. ५ | 8500000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | 8500000 |
| ७ | वडा नं. ६ | 8500000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | | 8500000 |
| ८ | वडा नं. ७ | 8500000 | 0 | 0 | 0 | | 0 | 0 | 0 | 0 | 0 | 0 | | 8500000 |
| ९ | वडा नं. ८ | 8500000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | 8500000 |
| १० | वडा नं. ९ | 8500000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | 8500000 |
| ११ | वडा नं. १० | 8500000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | 8500000 |
| १२ | वडा नं. ११ | 8500000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | 8500000 |
| | जम्मा बजेट | 148900000 | 10743000 | 218000000 | 0 | 31000000 | 3000000 | 10000000 | 2000000 | 1000000 | 105239000 | 20000000 | 5000000 | 55[illegible]2000 |

# बलरा नगरपालिका कार्यालय

## आ.व.२०७९ । ८० को अनुमानित आय एवं सो को आधारमा खर्चको सिलिंग बिनियोजन

श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति द्वारा तयार गरी बजेट तथा कार्यक्रम तर्जुमा समिति द्वारा समेत अनुमोदित

### बिनियोजन खर्च अनुमान तथा श्रोतको व्यय अनुमान समेत

| क.सं. | बजेट शिर्षक | कुल बजेट | शिर्षक | बजेट व्यय बिनियोजन |
|---|---|---|---|---|
| १ | बित्तिय समानिकरण संघीय सरकार | १४८९००००० | वार्ड स्तरिय योजना | ९३५००००० |
| | बित्तिय समानिकरण प्रदेश सरकार | १०७४३००० | नगर स्तरिय योजना | ४६१८८२००० |
| २ | ससर्त अनुदान संघीय सरकार | २१८०००००० | नगर स्तरिय योजना | ० |
| ३ | प्रदेश सरकारको सशर्त अनुदान | ० | नगर स्तरिय योजना | ० |
| ५ | प्रदेश सरकारको विशेष अनुदान | ३०००००० | नगर स्तरिय योजना | ० |
| | संघीय सरकारको विशेष अनुदान | ३१०००००० | नगर स्तरिय योजना | ० |
| ६ | प्रदेश सरकारको सम्पुरक अनुदान | २०००००० | नगर स्तरिय योजना | ० |
| | संघीय सरकारको सम्पुरक अनुदान | १००००००० | नगर स्तरिय योजना | ० |
| ७ | आन्तरिक आम्दनी | १५००००० | नगर स्तरिय योजना | ० |
| ८ | राजस्व बांडफाड संघीय सरकार | १०५२३९००० | नगर स्तरिय योजना | ० |
| ९ | राजस्व बांडफाड प्रदेश सरकार | ० | नगर स्तरिय योजना | ० |
| ११ | सडक बोर्डबाट सशर्त अनुदान | ० | नगर स्तरिय योजना | ० |
| १२ | तराई मधेश सर्मृद्धि कार्यकमबाट ससर्त अनुदान | ० | नगर स्तरिय योजना | ० |
| १३ | मालपोतबाट प्राप्त हुने राजस्व आन्तरिक रकम | ५०००००० | नगर स्तरिय योजना | ० |
| १४ | सामाजिक सुरक्षा भत्ता ससर्त अनुदान | ० | नगर स्तरिय योजना | ० |
| १५ | गत वर्षको नगद मौज्दात आन्तरिक | २००००००० | नगर स्तरिय योजना | ० |
| १६ | गत वर्षको भुक्तानी बांकी आन्तरिक | ० | नगर स्तरिय योजना | ० |
| | जम्मा | ५५५३८२००० | | ५५५३८२००० |